पाठ ८

# आराधना– अहिले र सदासर्वदा

चोरी भयो! मिशनरी दिदी-बहिनीहरूले आफ्ना यात्राका लागि प्रयोग गर्ने दुइवटा घोड़ाहरू हराए। यी दुइ जना महिलाहरू कुनै स्त्रीको घरमा तिनको मुक्तिको निम्ति प्रार्थना गरिराखेका थिए। जब तिनीहरू आफूले घोड़ाहरू बाँधेका ठाउँमा बाहिर आए, ती पशुहरू त्यहाँ थिएनन्।

एक्कासि धेरै मानिसहरू आफूपट्टि आइरहेको तिनीहरूले देखे। एक जनाले आफ्नो कम्मरमा भिरेको हतियार झिक्यो। अरूहरूले ढुङ्गाहरू टिपे। तब ती मानिसहरू रीसले चूर भई चिच्च्याउन थाले। आफूहरू हिँड़िर नै त्यहाँबाट गइहाल्नुपर्ने कुरा यी मिशनरी महिलाहरूले महसूस गरे।

डरले काँप्नुको सट्टा तिनीहरूले आनन्द मनाउन थाले। तिनीहरूमध्ये एक जनाले भनिन्, "प्रभुको स्तुति होस्, प्रभुको नाउँमा अपमान सहने योग्यका हामी ठहरियौं!" (प्रेरित ५:४१)। आफ्ना वरिपरि बन्दुकका गोलीहरू आइरहेका बेलामा तिनीहरू साहससँग उकालो हिँड्दैगए। मानिसहरू तिनीहरूका पछिपछि लागेनन् र यसरी यी महिलाहरूलाई कुनै हानि पुगेन।

यी मिशनरीहरूमध्ये एक जनाचाहिँ मेरी आमा हुनुहुन्थ्यो, जसले आजको दिनसम्म यही नै साक्षी दिनुभएको छ, कि उहाँ



हरू र आक्रमणकारीहरूका बीचमा आराधनाले अदृश्य पर्खालको रूपमा काम गरिराखेको थियो।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

आराधनाका असरहरू
आराधनाको क्षेत्र

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- परमेश्वरलाई आराधना गर्नेहरूलाई उहाँले दिनुहुने आशिष्को इच्छा गर्न।
- प्रभुसँगको निरन्तरीय सङ्गतिको अनन्ततालाई पर्खन।

## आराधनाका असरहरू

उद्देश्य १: *आराधनाद्वारा आउने पाँचवटा आशिष्हरूलाई चिन्नुहोस्।*

यस पाठको शुरूमा उल्लेख गरिएको कथासँग मिल्ने विभिन्न अवस्थाका उदाहरणहरू बाइबलले हामीलाई दिएको छ। त्यहाँ यस्ता समयहरू पनि थिए, जहाँ प्रशंसा र आराधना विश्वासीको निम्ति भएको सुरक्षा र छुटकारामा नजीकतामा जोड़िएका थिए।

आराधनाले सामर्थ्य पनि ल्याउन सक्छ। यशैया ४०:३१-मा हामी पढ्छौं कि "परमप्रभुको बाटो हेर्नेहरूले नयाँ सामर्थ्य पाउनेछन्।" ख्रीष्टियान मण्डलीका शुरूका शहीदहरूले शारीरिक यातना र मृत्युको सामना गर्नका लागि सामर्थ्य पाए, किनकि तिनीहरूले परमेश्वरलाई प्रशंसा र आराधना गरेका थिए। सिंहहरूद्वारा खुवाइनका लागि रोमका ठूला सुरुङ्हरूमा कसरी ख्रीष्टियान विश्वासीहरूलाई पठाइन्थ्यो भन्ने सम्बन्धमा इतिहासकारहरूले बताएका छन्। मृत्युको सामना गर्दा पनि यी ख्रीष्टियानहरूले कसरी परमेश्वरलाई प्रशंसा र आराधना गर्न सक्छन् भन्ने कुरा त्यो दृश्य हेर्न जम्मा भएको भीड़ले बुझ्न सकेको थिएन। ती शहीदहरूले आफू र आफ्ना वरिपरि भएका डरलाग्दा परिस्थितिहरूबाट आफ्ना आँखा हटाएपछि तिनीहरूले सामर्थ्य प्राप्त गरेका थिए। तिनीहरूले परमेश्वरमा, उहाँको विश्वासयोग्यतामा र प्रेममा आफ्नो ध्यानलाई आकर्षित गरेका थिए। उहाँलाई छिट्टै नै तिनीहरूले मुखामुख देख्नेछन् भन्ने कुरा तिनीहरूलाई थाहा थियो।

> ती मानिसहरू धन्य हुन्, जसले तपाईंको प्रशंसा गर्न सिकेका छन्, जुनहरू, हे परमप्रभु, तपाईंका प्रकाशको

उपस्थितिमा हिँड्छन्। तिनीहरू दिनभरि तपाईंको नाउँमा रमाउँछन्, र तिनीहरू तपाईंकै धार्मिकतामा आनन्दले मग्न हुन्छन्। किनकि तपाईं नै तिनीहरूको महिमा र शक्ति हुनुहुन्छ, र तपाईंकै निगाहले हाम्रो सीङ ठाड़ो पारिदिनुभएको छ (भजनसंग्रह ८९:१५-१७)।

हामीले पाठ २-मा अध्ययन गरेझैं प्रभुलाई आराधना गर्ने हाम्रो पहिलो कारणचाहिँ यही नै हो कि उहाँ योग्य हुनुहुन्छ। हामीलाई आवश्यक पर्ने कारण त्यही एउटै मात्र हो।

तर परमेश्वरले उदारचित्तले दिनुहुन्छ र उहाँले थप फाइदाहरूको पनि प्रतिज्ञा गर्नुभएको छ, जुनचाहिँ आराधनाको नतीजा स्वरूप आउँछ– यस्तो आशिष् जसलाई हामी वर्तमान जीवनमा महसूस गर्छौं र यसप्रति कृतज्ञ हुन्छौं। हामीले प्राप्त गर्ने आत्मिक आशिषहरूका बारेमा हामीले कुराकानी गरिसकेका छौं र यिनीहरूको बेवास्ता गर्न सकिँदैन। हाम्रो शत्रु, शैतानले हामीलाई घायल बनाउने र निराश तुल्याउने कोशिश गर्छ, तर प्रभुले हामीलाई दिनुहुने आनन्दले हामीलाई बलियो बनाउँछ भनी बाइबलले हामीलाई बताउँछ (नहेम्याह ८:१०)।

हामी यो आनन्दलाई कसरी प्राप्त गर्न सक्छौं? यशैया १२:३-ले हामीलाई बताउँछ कि परमेश्वरले आफ्ना मानिसहरूलाई उद्धार गर्नुहुँदा तिनीहरू आनन्दित हुन्छन्। कहिलेकहीँ शत्रुले शङ्काहरू ल्याउने र हाम्रो आनन्दलाई हामीबाट लुट्ने प्रयास गर्छ। यदि हामीले त्यसका कुराहरू सुन्छौं र नैराश्यका विचारहरूलाई ठाउँ दिन्छौं भने, हामी कमजोर बन्छौं। हामी कमजोर बनेपछि हामीले गर्नुपर्ने जति प्रार्थना हामी गर्दैनौं। हामीले साँच्चै उद्धार पाएका छौं त भनी हामी प्रश्न गर्न थाल्छौं। तर आराधना गर्ने निर्णय गरेर र हामीप्रति भएको प्रभुको भलाइमा रहेर हामी हाम्रो आनन्दलाई फेरि प्राप्त गर्न सक्छौं।

हामीले उहाँलाई आराधना गर्दा आनन्दको हाम्रो कचौरा फेरि भरिन्छ र हामी बलिया बन्छौं।

हामीलाई नाश गर्ने समस्याहरूको सामना गर्नका लागि हामी बलिया बन्छौं। हामी पढ्छौं कि, आफ्ना छोराछोरीहरू नाश भएको कुरा जब अय्यूबले थाहा पाए, उनले भने, "परमप्रभुले दिनुभयो, अनि परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस्!" (अय्यूब १:२१)।

अर्को पदले बताउँछ, "यी सबै कुरामा अय्यूबले पाप गरेनन् र तिनले परमेश्वरलाई अन्यायको दोष पनि लगाएनन्।" उनको हृदय प्रशंसा र उनको मुख पनि प्रशंसाले भरिएको थियो, किनकि सबै कुरा परमेश्वरको अधीनमा छ भन्ने कुरा उनलाई थाहा थियो। उनको आराधनाचाहिँ त्यस भरोसाको प्रदर्शन थियो।



यदि तपाईंले एउटा भाँडोलाई जलबज्रको मुनि राख्नुभयो, र त्यो भाँडो सफा, चलिरहेको पानीले भरियो भने हावामा भएको धूलोचाहिँ त्यहाँभित्र प्रवेश हुन सक्दैन। खाली भाँडाहरूमा मात्र धूलो थुप्रिन्छ। हामीसँग पनि यही कुरा सत्य छ। यदि हामी निरन्तररूपमा आनन्दित भइ नै रह्यौं भने, पापपूर्ण शब्दहरू र प्रदर्शनहरूको त्यहाँ कुनै ठाउँ नै हुँदैन।

हाम्रा सिद्ध उदाहरण येशू चिहानमा उभिएर भन्नुभयो, "हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो" (यूहन्ना ११:४१)। त्यसपछि उहाँले मरेको व्यक्तिलाई जीवनमा पुनर्स्थापित गर्नुभयो। सुसमाचारहरूले अन्य धेरै उदाहरणहरूलाई पनि दिएका छन्, आराधना गर्दा वा आराधनाको आत्मामा आफूहरू घोप्टो पर्दा रोगीहरू निको भएका थिए (मत्ती ८:२; मर्कूस ७:२५)।

सबैभन्दा ठूलो र लामो समयसम्म रहिरहने आराधनाको आनन्दचाहिँ त्यही हो कि हामी हाम्रा स्वर्गीक पितालाई अझै राम्रोसँग चिन्न सक्छौं। आराधना गर्नुपर्ने उहाँको आज्ञालाई हामीले पालन गर्दा हामीले परमेश्वरको उपस्थितिलाई विशेष रूपमा अनुभव गर्न सक्छौं। पहिला यूहन्ना ३:२४-ले हामीलाई बताउँछ कि, जब हामी परमेश्वरका आज्ञाहरूलाई पालन गर्छौं, उहाँसँगको एकतामा हामी जिउँछौं र उहाँ हामीसँग जिउनुहुन्छ। हामीले प्रभुलाई राम्रोसँग चिन्दैजाँदा हामी उहाँमा अझ धेरै भरोसा राख्छौं। हामीलाई थाहा छ कि उहाँको विश्वासयोग्यता कहिल्यै असफल हुनेछैन। हाम्रो जीवनको निम्ति उहाँसँग योजना छ भनी हामीलाई थाहा छ र सबै कुरा उहाँको अधीनमा छन् भन्ने सत्यतामा हामी भर पर्न सक्छौं। यस पृथ्वीमा र पूरै अनन्तभरि नै हाम्रो भविष्य उहाँका हातमा छन् भनी जान्नु कति ठूलो आशिष्को कुरा हो (भजनसंग्रह १३६:७-१८)।

आराधना गर्ने अर्को तरीकाचाहिँ दिनु हो, जसका बारेमा हामीले छलफल गरिसकेका छौं। विश्वासीहरूको एक समूहबाट प्रेरित पावलले उपहार प्राप्त गरेपछि तिनीहरूको उदारतालाई स्वीकार गर्नका लागि उनले लेख्दा यसो भनेका थिए।

> मैले पाउनुपर्नेभन्दा बढी नै पाएको छु। इपाफ्रोडिटसद्वारा पठाइदिएका तिमीहरूको मीठो बास्ना भएको, र परमेश्वरलाई मन पर्दो र ग्रहणयोग्य बलिदान पाएर म तृप्त भएको छु। मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ (फिलिप्पी ४:१८-१९)।

यी वचनहरूले सङ्केत दिन्छन् कि दिनुचाहिँ आराधना गर्ने एक तरीका हो भनी प्रेरित पावलले पनि महसूस गरेका थिए। दिनेहरूलाई परमेश्वरले इनाम दिनुहुन्छ भनी उनले विश्वास गरेका थिए। पुरानो करारको प्रतिज्ञामा उहाँको वचनलाई निश्चित तुल्याएको छ, जहाँ उहाँले भन्नुभयो, "जम्मै दशांश भण्डारमा ल्याऊ, र मेरो घरमा भोजन रहोस्। यसरी मलाई जाँचेर हेर कि म स्वर्गका झ्यालहरू उघारेर अटाउने ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्षाउँछु कि बर्षाउँदिनँ" (मलाकी ३:१०)।

प्रेरित ८ अध्यायले हामीलाई इथियोपियाका एक उच्च पदाधिकारीको चाखलाग्दो कथा भनेको छ,- जसले आराधना गर्नका लागि यरूशलेममा लामो यात्रा गरेका थिए। प्रभुको घरमा हुन पाउनका लागि उनले समय र रुपियाँपैसा खर्च गरेका थिए। उनी रथमा चढ़ी आफ्नो घरमा फर्किरहेको बेलामा उनले यशैया ५३ अध्यायबाट पढ़िरहेका थिए। परमेश्वरले उनको खोलिएको हृदय देख्नुभयो र उनलाई सहायता पुऱ्याउनका लागि उहाँले प्रचारक फिलिपलाई पठाउनुभयो। फिलिप दौड़ेर रथ भएको

ठाउँमा गए र उनी आफूले पढ़ेको कुरा उनले बुझ्दैछन् कि भनी फिलिपले यी इथियोपियनसँग सोधे। ती मानिसले फिलिपलाई भने, "कसैले नबताईकन म कसरी बुझ्न सक्छु र?" (प्रेरित ८:३१)।

फिलिप पनि उनीसँगै रथमा चढ़े र येशूको कथा उनलाई बताए। यी पदाधिकारीले आफ्ना मुक्तिदाताका रूपमा येशूलाई ग्रहण गरे र बप्तिस्मा पनि लिए। तब उनी रमाउँदै आफ्नो बाटो लागे (प्रेरित ८:३६)। आराधना गर्नका लागि उनले समय बिताएका हुनाले उनको आत्मिक भोक मेटियो र उनका प्रश्नहरूको उत्तर पनि आयो। १६०० वर्ष पहिले इथियोपियनका लागि परमेश्वरले जे गर्नुभयो, सो उहाँले आज हाम्रो निम्ति पनि गर्नुहुन्छ। हामीलाई आवश्यक पर्ने उत्तरहरू उहाँले हामीलाई दिनुहुन्छ।

हामीलाई ठीक बाटोमा डोऱ्याउनुभएको निम्ति हामी प्रभुलाई आराधना र प्रशंसा गर्छौं, किनकि उहाँले "विश्वासयोग्यतासाथ आफ्नो प्रतिज्ञालाई पूरा गर्नुहुन्छ" (उत्पत्ति २४:२६)।

**तपाईंको अभ्यासको निम्ति**

**१** भजनसंग्रह ८६:१५-१७-लाई फेरि पढ्नुहोस् र वाक्यलाई पूरा गर्नुहोस्। अँध्यारो संसारमा जिउँदाखेरि नै हामी परमेश्वर-लाई आराधना गर्न सक्छौं र हामी...................... आनन्दित हुँदा ............. का निम्ति निश्चित हुन सक्छौं।

**२** भजनसंग्रह १३८:२-३ पढ्नुहोस्। परमेश्वरलाई प्रशंसा र आराधना गर्नका निम्ति २ पदमा सूची बनाइएका चारवटा

कारणहरू के-के हुन्? ................................................
...............................................................................

३ आराधना गर्ने व्यक्तिलाई भजनसंग्रह १३८:३-मा कुन दुइ आशिष्हरू दिइएको छ? ................................................
...............................................................................

४ आराधनाद्वारा ख्रीष्टियानले प्राप्त गर्ने धेरै आशिष्हरूमध्ये पाँचवटा आशिष्हरू कुन-कुन हुन्? ...............................
...............................................................................

---

## आराधनाको क्षेत्र

---

उद्देश्य २: *स्वर्गमा हामी सहभागी हुने दुइ क्रियाकलापहरूलाई परिचित गर्नुहोस्।*

ख्रीष्टियान आराधना भनिने हाम्रो यस पुस्तकको अन्तिम खण्डमा हामी आइपुगेका छौं। आराधना गर्नुपर्ने कारणहरू र व्यक्तिगत र सामूहिक रूपमा यसको प्रभावको सम्बन्धमा हामीले छोटकरीमा विचार गरिसकेका छौं। यसलाई हामीले पढ़ेका छौं, बुझेका छौं र अनुभव गरेका छौं।

यद्यपि, त्यहाँ आराधनाका अरू रूपहरू पनि छन्, जसलाई हामी पूर्ण रूपमा बुझ्न सक्दैनौं। एउटाचाहिँ यरूशलेममा येशूको विजय प्रवेशको काँधमा पाउन सकिन्छ। उहाँ बछेडोमाथि चढेर शहरूमा प्रवेश गर्नुहुँदा, ''परमप्रभुको नाउँमा आउने राजा धन्य हुन्!'' भनी चेलाहरू र भीड़ले उच्च सोरमा कराएका थिए (लूका १९:४०)।

केही फरिसीहरूले तिनीहरूको प्रशंसालाई सुनेर विरोध गरे। येशूले जवाफ दिनुभयो, "म तिमीहरूलाई भन्दछु, यिनीहरू चूप लागे भने ढुङ्गाहरू नै कराउनेछन्" (लूका १९:४०)।

ढुङ्गाहरू कसरी कराउन र चिच्च्याउन सक्छन्? हामीलाई थाहा छैन। यदि आवश्यक पऱ्यो भने परमेश्वरले तिनीहरूलाई यसो गर्न लगाउन सक्नुहुन्छ भन्ने कुराचाहिँ हामीलाई थाहा छ। यद्यपि महत्त्वपूर्णताचाहिँ यो हो कि प्रशंसा गर्नु येशूको वचनको अझै ठूलो महत्त्वपूर्ण छ। आराधनाचाहिँ निरर्थक, जीवनहीन विधि होइन। यसको शक्तिशाली दबाबले कड़ा सतहलाई पनि फोर्न सक्छ। यदि हामी "जीवित ढुङ्गाहरूले प्रभुलाई प्रशंसा गर्दैनौं भने, तब अरू किसिमका ढुङ्गाहरूले सो गर्नुपर्छ। सकली प्रशंसामा परमेश्वर र उहाँको अनन्त योजना समावेश गरिएको हुन्छ। यसमा सहभागी हुनु हाम्रा लागि कति ठूलो आशिष्को कुरा हो।

प्रशंसा सम्बन्धीका रहस्यहरू अझै त्यहाँ छन्, तीमध्ये एउटाचाहिँ हामीले स्वर्गमा गर्ने प्रशंसाको सेवा हो। स-साना केटाकेटीहरूले स्वर्गको बारेमा विशेष प्रश्नहरू सोध्छन्? हामी त्यहाँ पुगेपछि यो कस्तो हुन्छ होला? हामी त्यहाँ के गर्नेछौं? यदि तिनीहरूले आफ्ना बाजे, बज्यै वा आफूले माया गरेका केही व्यक्तिलाई गुमाएका छन् भने, तिनीहरूलाई के भएको छ भन्ने कुरा तिनीहरू जान्न चाहन्छन्। हामीले जे-जति जानेका छौं, त्यसको आधारमा हामी उत्तर दिने कोशिश गर्छौं, तर हाम्रा शब्दहरू बेठीक हुन सक्छन्। के भन्नुपर्ने हो भन्ने कुरा हामीलाई थाहै हुँदैन।

स्वर्गको बारेमा बाइबलले हामीलाई के बताउँछ त?

> येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ,

> ममाथि पनि विश्वास गर। मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्ने थिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेको छु? (यूहन्ना १४:१-२)।

स्वर्ग यस्तो ठाउँ हो, जुन विशेष गरी हाम्रै निम्ति तयार गरिएको छ। संसारमा भएको सबैभन्दा सुन्दर ठाउँलाई पनि यससँग तुलना गर्न सकिँदैन, किनकि पाप कहिल्यै पनि त्यहाँ प्रवेश गर्न सक्दैन। परमेश्वरको सृष्टिलाई नाश गर्ने र कलङ्कित गर्ने पाप नै हो। तर स्वर्गमा सबै शुद्ध र पवित्र हुनेछन्। परमेश्वरले सबै आँसुहरूलाई पुछिदिनुहुनेछ। त्यहाँ कुनै वेदना, रुवाइ र दुःख हुनेछैन (प्रकाश २१:४)।

त्यहाँ केचाहिँ हुनेछ त? आनन्द र प्रशंसा, किनकि हाम्रो विजयताचाहिँ पूर्ण भएको छ (१ कोरिन्थी १५:५४)। हामी सधैँभरि प्रभुसँग हुनेछौं (१ थेसलोनिकी ४:१७)।

हामीले के गर्छौं होला त? निश्चय नै, हाम्रो निम्ति पर्खिराखेका हामीलाई छक्क पार्ने कुराहरू परमेश्वरसँग छन् र तीमध्ये प्रायःजसो अहिले उहाँले हामीलाई भन्न सक्नुहुन्न। हामी मरणशीलहरूमा यी अनन्त कुराहरूलाई बुझ्ने क्षमता छैन। तर दुइ क्रियाकलापहरूका सम्बन्धमा चाहिँ हामी निश्चित नै छौं। यी दुइ क्रियाकलापहरूका बारेमा हामीलाई प्रकाशको पुस्तकमा बताइएको छ।

> परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्। त्यहाँ फेरि रात हुनेछैन, तिनीहरूलाई बत्ती र घामको उज्यालो चाहिने छैन, किनकि परमप्रभु परमेश्वर नै तिनीहरूको उज्यालो हुनुहुनेछ, र तिनीहरूले सदासर्वदै राज्य गर्नेछन् (प्रकाश २२:३,५)।

आराधना! अनि किन हामीले नगर्ने त? सबै स्वर्गीक प्राणीहरूले प्रभुको सामु गाउँदा र उहाँलाई प्रशंसा गर्दा हामीहरू पनि यसै गर्न चाहन्छौं। जब हामी येशूलाई देख्छौं र हाम्रो उद्धारको निम्ति उहाँले तिर्नुभएको मूल्यलाई पूर्ण रूपमा बुझ्छौं, हामी अवश्य पनि प्रेम र प्रशंसामा उहाँको सामु झुक्नेछौं। सबै अनन्तताको निम्ति स्वर्गचाहिँ हाम्रै हो भनी हामीले पर्खँदा र महसूस गर्दा हाम्रो धन्यवादको चाहिँ सीमा नै रहनेछैन। हामीले प्रशंसा गर्नैपर्छ।

प्रशंसा सबैभन्दा पहिले आएको थियो भन्ने कुरा हामीले भर्खरै पवित्रशास्त्र बाइबलमा पढ़ेका थियौं। अनि म निश्चित छु कि स्वर्गमा पनि यो सबैभन्दा पहिले आउनेछ। हामीलाई अरूहरू नै काम गर्न पनि दिइनेछ। सदासर्वदाका निम्ति राजाहरूझैं हामीले राज्य गर्नुपर्नेछ (प्रकाश ५:६-१० हेर्नुहोस्।)

राजाहरूले सिंहासनहरूमा मात्र बस्ने काम गर्दैनन्। तिनीहरूका जिम्मेवारीहरू छन्। अल्छी भएर केही नगर्नु नै छ राम्रो हो भनी तपाईं जवान हुनुहुँदा तपाईंले विचार गर्नुभएको थियो होला। त्यसरी बस्नुचाहिँ कति दिक्दारी हो भन्ने कुरा केही समयपछि तपाईंले सिक्नुभयो। सेवा गर्नु आनन्दित कार्य हो र परमेश्वरको सेवा गर्नुचाहिँ सबैभन्दा ठूलो आनन्द हो।

राजाहरूसँग मौकाहरू पनि छन्, किनकि झिक्नका लागि तिनीहरूसँग स्रोतहरू पनि छन्। आफूलाई चाहिनेभन्दा बढ़ी धन-सम्पत्ति तिनीहरूसँग थुप्रेका छन्। परमेश्वरसँग र परमेश्वरको निम्ति यदि हामीले शासन गर्नुपर्ने हो भने हामीलाई जे-जति चाहिन्छ, सो स्वर्गका परमेश्वरले हामीलाई जुटाउनु हुन्न र? हुन सक्छ, विश्वको अनुसन्धान गर्नका लागि हामीलाई मौका दिइनेछ। हुन सक्छ, हामी खरबौं ताराहरू भएको बाटो भएर अन्त्यसम्म पुग्नेछौं। कसले भन्न सक्छ र?

अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें: "सिंहासनमा विराजमान् हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा र सामर्थ्य सदासर्वदा होस्!" (प्रकाश ५:१३)।

अनि हामी सबै भन्छौं, "आमिन।"

**तपाईंको अभ्यासको निम्ति**

**५** येशूले भन्नुभयो, उहाँले हाम्रो निम्ति ठाउँ ............................ पार्नुहुनेछ।

**६** तल दिइएको वाक्यको ठीक उत्तरलाई छान्नुहोस्। स्वर्गमा हुने दुइ क्रियाकलापहरूका बारेमा हामी निश्चित छौं। ती हुन्,

**क**) आराम गर्ने र वीणा बजाउने।
**ख**) आराधना गर्ने र शासन गर्ने।
**ग**) वेदीहरू निर्माण गर्ने र बलिहरू चढ़ाउने।

**७** पूरै अनन्तताको निम्ति नै हामीहरू र स्वर्गदूतहरूका लागि सामान्य आनन्दित क्रियाकलाप के हो?

..........................................................................................

**८** के यस पाठ्यपुस्तकको अध्ययनले तपाईंको आराधनामा तपाईंलाई केही सहायता पुऱ्याएको छ? प्रभुसँग अनन्तता बिताउने तपाईंको इच्छालाई के यसले वृद्धि गरेको छ? यस

पुस्तकको अध्ययनबाट तपाईंले के फाइदा उठाउनुभएको छ, तपाईंका आफ्नै शब्दहरूमा लेख्नुहोस्।

..........................................................................

..........................................................................

अब तपाईं पाठ ५-८-को निम्ति आफ्नो विद्यार्थी प्रतिवेदन भर्नलाई तयारी भइसक्नुभएको छ। यी पाठहरूलाई दोहोर्‍याउनुहोस् र तपाईंको विद्यार्थी प्रतिवेदन पुस्तिकामा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। तपाईंको उत्तर पृष्ठलाई आई सी आई निर्देशककहाँ फर्काई पठाउनुहुँदा अर्को अध्ययन पाठ्यपुस्तकको बारेमा उहाँसँग सोध्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ पूरै दिन, ज्योति।

५ तयार

२ उहाँको निरन्तरीय प्रेम, उहाँको विश्वासयोग्यता, उहाँको नाम उच्च छ, उहाँका आज्ञाहरू उच्च छन्।

६ ख) आराधना गर्ने र शासन गर्ने

३ हामीले पुकारा गर्दा उहाँले हामीलाई जवाफ दिनुहुन्छ। उहाँले हामीलाई सामर्थ्य दिनुहुन्छ। ६,७ र ८ पदहरूमा अन्य आशिष्हरूलाई हेर्नुहोस्।

७ आराधना गर्नु

४ तपाईंले विजय, सुरक्षा, चङ्गाइ, अगुवाइ, छुटकारा, आनन्द, सामर्थ्य, भौतिक आवश्यकताहरूको जुटावट वा तपाईंले अनुभव गरिसक्नुभएका अन्य आशिष्हरूको सूची बनाउन सक्नुहुन्छ।

८ तपाईंको उत्तर

# अन्तिम भनाइ

यो एक विशेष किसिमको पुस्तक हो, किनकि तपाईंको वास्ता गर्ने मानिसहरूद्वारा यो लेखिएको छ। संसारका सबै व्यक्तिहरूलाई दुःख दिने खालका धेरै प्रश्नहरू र समस्याहरूका उत्तरहरू यी व्यक्तिहरूले पत्ता लगाएका हुनाले तिनीहरू खुशी छन्। यी आनन्दित व्यक्तिहरू आफूले पत्ता लगाएका उत्तरहरू अरूहरूसँग पनि बाँड्न चाहन्छन् र परमेश्वरले यसो गर्न लगाउनुभएको हो भनी यिनीहरू विश्वास गर्छन्। तपाईंले आफ्नो प्रश्न र समस्याका उत्तरहरू भेट्टाउनलाई तपाईंले केही महत्त्वपूर्ण सूचनाहरू जान्नु आवश्यक छ र यसरी नै तपाईंको जीवनमा उत्तम हुने कुरालाई तपाईं प्राप्त गर्न सक्नुहुन्छ भनी तिनीहरू विश्वास गर्छन्।

यही सूचना तपाईंलाई दिनलाई नै तिनीहरूले यो पुस्तक तयार पारेका हुन्। यी आधारभूत सत्यताहरूमा नै यो पुस्तक आधारित छः

१. तपाईंलाई मुक्तिदाताको खाँचो छ। रोमी ३:२३ र इजकिएल १८:२० पढ्नुहोस्।
२. तपाईं आफैले आफैलाई बचाउन सक्नुहुन्न। १ तिमोथी २:५; यूहन्ना ४:६ पढ्नुहोस्।
३. सबैले उद्धार पाऊन् भन्ने परमेश्वरको इच्छा छ। यूहन्ना ३:१६-१७ पढ्नुहोस्।
४. परमेश्वरले येशूलाई पठाउनुभयो र उहाँले आफ्नो जीवन सबैका लागि दिनुभयो र उहाँमा विश्वास गर्नेहरू सबैले मुक्ति पाउँछन्। गलाती ४:४-५; १ पत्रुस ३:१८ पढ्नुहोस्।
५. बाइबलले हामीलाई उद्धारको बाटो र ख्रीष्टियान जीवनमा कसरी वृद्धि हुनुपर्छ सो सिकाउँछ। यूहन्ना १५:५; १०:१०; २ पत्रुस ३:१८ पढ्नुहोस्।

६. तपाईंले आफ्नो अनन्त जीवनको निर्णय आफै गर्नुहुन्छ। लूका १३:१-५; मत्ती १०:२३-३२; यूहन्ना ३:३५-३६ पढ्नुहोस्।

तपाईंले आफ्नो अनन्त जीवनको कसरी निर्णय गर्नुहुन्छ भन्ने कुरा यस पुस्तकले बताउँछ। आफ्नो निर्णय बताउन सक्ने मौका पनि यसले तपाईंलाई प्रदान गर्छ। यो पुस्तक अरू पुस्तकहरूभन्दा पनि फरक छ, किनभने यस पुस्तक तयार पार्ने व्यक्तिहरूलाई तपाईं भेट्न सक्नुहुन्छ। यदि तपाईं कुनै प्रश्न सोध्न चाहनुहुन्छ वा आफ्नो खाँचो वा विचारहरू व्यक्त गर्न चाहनुहुन्छ भने तिनीहरूलाई पत्रमा लेखेर अवगत गराउन सक्नुहुन्छ।

यस पुस्तकको अन्तमा तपाईंले एउटा कार्ड पाउनुहुन्छ, जसलाई *निर्णय प्रतिवेदन र निवेदन कार्ड* भनिन्छ। तपाईंले निर्णय बनाइसक्नुभएपछि, कार्डलाई भर्नुहोस् र निर्देशन दिइएअनुसार हुलाकबाट पठाउनुहोस्। त्यसपछि तपाईंलाई अझै आत्मिक सहायता पुऱ्याइनेछ। तपाईंले प्रश्नहरू सोध्न वा प्रार्थनाका निवेदनहरू पठाउनको लागि पनि यस कार्डलाई प्रयोग गर्न सक्नुहुन्छ। यदि यस पुस्तकमा कार्ड संलग्न गरिएको छैन भने तपाईंका आई सी आई निर्देशकलाई पत्र लेख्नुहोस् र तपाईंले व्यक्तिगत रूपमा जवाफ पाउनुहुनेछ।

✂ ......यसलाई यहाँ काट्नुहोस् र उत्तर पृष्ठहरूको साथसाथै आफ्ना आई सी आर्य निर्देशककहाँ पठाउनुहोस्। ......

## निर्णय प्रतिवेदन र निवेदन कार्ड

यस पाठ्यक्रमको अध्ययनपछि ......... मैले येशू ख्रीष्टलाई मेरा मुक्तिदाता र प्रभुका रूपमा ग्रहण गरेको छु। मैले आफ्नो नाम र सहीसहित यस कार्डलाई तपाईंको आई सी आई कार्यालयमा पठाउनका दुइ कारणहरू छन्। पहिलो कारणचाहिँ मैले ख्रीष्टमा विश्वास र समर्पण गरेको छु भन्ने साक्षी दिन र दोस्रोचाहिँ मेरो आत्मिक जीवनमा अझै सहयोग पुऱ्याउनको निम्ति आवश्यकीय ख्रीष्टियान पत्र-पत्रिकाहरू प्राप्त गर्नको लागि हो।

विद्यार्थी संख्याः ..........................................................

नामः ......................................................................

सहीः ......................................................................



# सबैभन्दा ठूलोचाहिँ सबैको सेवक हो

परमेश्वरको निरन्तर प्रेमको निम्ति उहाँलाई प्रकट गरिने प्रेम नै सेवा हो। आई सी आई पाठ्यपुस्तकहरू प्रभुका हतियार हुन्, जसले प्रभावशाली र आज्ञाकारी सेवकमा विकास हुनका लागि तपाईंलाई सहायता पुर्‍याउँछन्।

हाम्रा यी पाठ्यपुस्तकहरूको प्रयोगले क्रमिक बाइबल अध्ययन सृजना गरी आत्मिक सत्यताहरूलाई अझै राम्रोसँग बुझ्नका लागि तपाईंलाई उत्साह दिनेछन्।

परमेश्वरको सेवाको निम्ति आफूलाई तयार पार्न *ख्रीष्टियान सेवा कार्यक्रम* अन्तरगतका पाठ्यपुस्तकहरूलाई क्रमिक रूपमा अध्ययन गर्नुहोस् भनी हामी सल्लाह दिन्छौं।

*ख्रीष्टियान सेवा कार्यक्रममा* समावेश गरिएका केही पाठ्यपुस्तकहरूः

*ख्रीष्टमा जीवित*
*प्रशस्तताको जीवन*
*सत्यताको कुनेढुङ्गो*
*आत्मिक वरदानहरू*

*यी वा अन्य आई सी आई पाठ्यपुस्तकहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा तपाईंको क्षेत्रका आई सी आई निर्देशकलाई सोध्नुहोस्।*

*विद्यार्थी प्रतिवेदन – २*

## ठीक वा बेठीक प्रश्न

खण्ड १ : पाठ १-४

*तल दिइएका बयानहरू कि ता ठीक कि बेठीक छन्। ठीक उत्तरको अगाड़िको अङ्कमा घेरा (○) लगाउनुहोस्।*

___१. परमेश्वरप्रति भएको साँचो प्रेमलाई प्रकट गरिनु आवश्यक पर्दैन।

___२. आराधना गर्ने विभिन्न तरीकाहरू त्यहाँ छन्।

___३. परमेश्वरको प्रेम मानव प्रेमजस्तै छ।

___४. परमेश्वरको सामु "पर्खिंदा" बिताइएको समय खेर फालिएको समय हो।

___५. हामी शब्दहरूसँग वा विनाशब्द पनि आराधना गर्न सक्छौं।

___६. परमेश्वरसँग सङ्गति गर्नका लागि पापले ढोका बन्द गरिदिन्छ।

___७. हाम्रा प्रवृत्तिहरूभन्दा हाम्रा कामहरू अझै महत्त्वपूर्ण हुन्छन्।

## सबैभन्दा ठीक उत्तर छान्ने प्रश्न

*तल दिइएका उत्तरहरूमध्येमा एउटा उत्तर ठीक छ। ठीक उत्तरको अगाड़िको अक्षरमा (○) घेरा लगाउनुहोस्।*

८. आराधनामा हामीलाई आवश्यक पर्ने सबैभन्दा महत्त्वपूर्ण व्यक्तिगत गुणहरू के-के हुन्?

___**क**. प्रेम, स्वनिश्चयता र साहस।

___**ख**. प्रेम, आज्ञाकारिता र नम्रता।

___**ग**. प्रेम, धैर्य र विश्वास।